# भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

## भाग - १

## भागेश्वर गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७९

**गाउँसभाबाट स्वीकृत मितिः २०७९।०९।२८**

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनताको हितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भइ सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यबस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम भागेश्वर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

### परिच्छेदः १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "गाउँ शिक्षा ऐन, २०७९" रहेको छ।

(ख) यो ऐन भागेश्वर गाउँपालिका भर लागु हुनेछ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः**

(क) "ऐन" भन्नाले भागेश्वर गाउँपालिकाको शिक्षा ऐनलाइ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले भागेश्वर गाउँपालिकाको गाउकार्यपालिकालाइ सम्झनु पर्छ।

(ग) "विद्यालय कोष" भन्नाले दफा ४७ वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाइ सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले भागेश्वर गाउँपालिकालाइ सम्झनु पर्छ।

(ङ) "गाउँसभा" भन्नाले भागेश्वर गाउँपालिकाको गाउँ सभालाइ सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्छ।

(छ) "प्रारम्भिक बालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भइ पाँच बर्ष उमेर पुरा नगरेका बालवालिकाको लागि खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, के जी, मन्टेश्वरी आदि सम्झनु पर्छ।

(ज) "आधारभुत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखी कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखी कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभुत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(ट) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखी कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाइ सम्झनु पर्छ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाइ सम्झनुपर्छ।

(ड) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाइ सम्झनुपर्छ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले दफा १७ वमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(ण) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुखलाइ सम्झनु पर्छ।

(त) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखालाइ सम्झनुपर्छ।

(थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(द) "विद्यालय" भन्नाले सामुदायिक र संस्थागत विद्यालयलाइ सम्झनु पर्छ।

(ध) "शिक्षक" भन्नाले विद्यालयको अध्यापकलाइ सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक वा प्राचार्य समेतलाइ जनाउँदछ।

(न) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(प) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ अध्ययन अनुसन्धान र सीप सिकाइ लगाएतका काम गर्ने केन्द्रलाइ सम्झनु पर्छ।

(फ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।

(ब) "परीक्षा समिति" भन्नाले दफ ४७ बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समितिलाइ सम्झनु पर्छ।

(भ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारीहरुलाइ सम्झनु पर्छ।

(म) "शिक्षा समिति" भन्नाले दफा १५ बमोजिम तथा दफा १६ बमोजिम गठन हुने गाउँ तथा वडा शिक्षा समितिलाइ सम्झनु पर्छ।

## परिच्छेदः २

## शिक्षाको प्रकार विद्यालयको वर्गिकरण अनुमति स्वीकृति समायोजन तथा नियमन

**३. विद्यालयको तह २ प्रकारका हुनेछनः**

(क) आधारभूत तहः प्रारम्भिक शिक्षा देखी कक्षा ८ सम्म अध्ययन अध्यापन हुने विद्यालयहरु,आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाइ प्राथमिक तह भनिनेछ।

(ख) माध्यमिक तहः कक्षा ९ देखी १२ सम्म अध्यापन हुने।

**४. माध्यमिक शिक्षाको प्रकारः**

माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछनः

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**५. शिक्षाको माध्यमः**

(क) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवैभाषा हुनेछ।

(ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(अ) आधारभुत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,

(आ) ग्रैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषामा हुनेछ,

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यबस्थाः**

गाउँपालिकाले स्थानीय आवश्यकताको आधारमा आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यबस्था गर्न सक्नेछ ।

**७.विद्यालयको वर्गीकरणः**

विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा तोकिए बमोजिम  वर्गीकरण गरिनेछ ।

**८. विद्यालय खोल्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाइ वडा समितिको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँच बुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त पालना गर्ने गरी अनुमति दिइनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिइ सञ्चालनमा आएका विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृत प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

(५) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित आवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार अनुमति तथा स्वीकृत दिनेछ ।

(६) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यबसायिक माध्यमिक शिक्षा (टि-एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँशिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्ने छ ।

(७) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयहरुलाइ शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृत दिइनेछैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तीनजना सदस्य

हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको
हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछी गुठीयारको रुपमा कामगर्ने आफ्नो
उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको
स्वीकृति लिनु पर्नेछ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिकामा आवेदन दिनुपर्नेछ । गाउँकार्यपालिकाबाट सो को स्वीकृति लिइ शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(१०) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँशिक्षा समितिले तोके बमोजिम हुनेछ।

(११) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्ध गर्ने गरी कसैलाइ पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

(१२) यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्थाः माथी जुनसुकै कुरा लेखीएको भएता पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम सञ्चालन भएका मानिनेछन् । तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजात पेश गर्नु पर्नेछ।

**९. धरौटी राख्नु पर्नेः** विद्यालय खोल्न अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बाफत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछः

**(क) माध्यमिक विद्यालयका लागिः**

(अ) संस्थागत – पाँच लाख रुपैयाँ,

(आ) सामुदायिक – दुइ लाख रुपैयाँ

**(ख) आधारभुत विद्यालय (कक्षा १-८) को लागिः**

(अ) संस्थागत – दुइ लाख पचास हजार

(आ) सामुदायिक – एक लाख रुपैयाँ

**(ग) आधारभुत विद्यालय (कक्षा १-५) को लागिः**

(अ) संस्थागत – एक लाख पचास हजार

(आ) सामुदायिक – पचहत्तर हजार

तर विशेष आवश्यकता भएका विद्यार्थीहरुका लागि वा सिमान्तकृत वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ।

**१०. धरौटी रकम जम्मा गरिनेः**

(१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बाफतको रकम विद्यालयको मुद्धती खातामा जम्मा गर्नुपर्नेछ।

**११. प्रारम्भिक वालविकास शिक्षाः**

(१) प्रारम्भिक वालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिएवमोजिम हुनेछ।

(२) गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाइ तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

(३) गाउँपालिकाले कुनै विद्यालयसंग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ।

(४) वाल गृहको सञ्चालन गाउँपालिकाले आफैले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह सञ्चालन गर्न पाउनेछ। वाल गृह सञ्चालनको लागि आवश्यक प्रक्रिया गाउँ शिक्षा समितिले तोकेवमोजिम हुनेछ।

**१२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिएवमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय स्थापना र सञ्चालन गर्न सकिनेछ।

**१३. स्काउट सञ्चालन रेडक्रस (जु.रे.स)**

विद्यार्थीहरुलाइ लगनशिल, धैर्य, इमान्दार, सिर्जनशिल तथा सामुदायिक कार्यहरु गर्न र सामुदायिक कार्यहरुमा लाग्ने उत्प्रेरणा जगाउने उदेश्य अनुसार विद्यालयमा स्काउट तथा रेडक्रस सञ्चालन गर्न सकिनेछ।

**१४. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:**

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाइ एक स्थानबाट अर्को स्थानमा सार्न वा दुइ वा दुइभन्दा बढी विद्यालयलाइ गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ। अनुमति वा स्वीकृति प्राप्त विद्यालयमा विद्यार्थी संख्या नभइ वा अन्य कारणले एक शैक्षिक सत्र सम्म पठनपाठन हुन नसकेमा गाउँशिक्षा समितिको सिफारिसमा कार्यपालिकाले बन्द गर्न सक्नेछ। गाभिएका वा बन्द भएका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाइ सेवा शर्त र सुविधामा प्रतिकुल असर नपर्ने गरी तोकिए बमोजिम व्यबस्थापन गरिनेछ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत द्वेष झल्कने प्रकारको नाम राख्न पाइने छैन। माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००। (पचास लाख रुपैया वा सो बरावरको जिन्सी), आधारभुत तह (कक्षा १-८) को हकमा कम्तिमा ३०,००,०००। (तीस लाख रुपैया वा सो बरावरको जिन्सी) र आधारभुत तह (कक्षा १-५) हकमा कम्तिमा २०,००,०००। ( बीस लाख रुपैया वा सो बरावरको जिन्सी) प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन।

## परिच्छेदः३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१५. गाउँशिक्षा समिति सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँशिक्षा समिति रहनेछः

(क) गाउँ कार्यपालिकाको अध्यक्ष – संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) गाउँकार्यपालिकाका महिला तथा दलित सदस्यहरुमध्येबाट कार्यपालिकाबाट मनोनित २ जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) सामुदायिक विद्यालयहरुका वि.व्य.स अध्यक्षहरुमध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना - सदस्य

(च) सामुदायिक विद्यालयका प्र.अ. तथा शिक्षकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेका २ जना - सदस्य

(छ) गाउँपालिका भित्रका शिक्षा विद्, शिक्षाप्रेमी मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित २ जना

- सदस्य

(ज) शिक्षा शाखा प्रमुख -

सदस्य सचिव

(२) समितिको बैठकमा गाउँपालिकाका पदाधिकारी, गाउँपालिका स्तरीय शिक्षक महासंघको अध्यक्ष तथा प्रधानाध्यापकहरुलाइ आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक सञ्चालन प्रक्रिया समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ । समितिको बैठक भत्ता गाउँकार्यपालिका सदस्यले पाय सरह हुनेछ । तर बार्षिक १० बैठक भन्दा बढीको भत्ता उपलब्ध गराइने छैन ।

(४) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पुरा नगरेमा गाउँशिक्षा समितिले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(५) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

(६) गाउँ शिक्षा समितिको पदावधि ३ बर्षको हुनेछ ।

**<u>१६. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः</u>**

(१) गाउँपालिका भित्रका वडा अन्तरगत रहेका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि एक वडा शिक्षा समिति रहनेछ । वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछः

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्येबाट एक महिला सहित दुइ जना - सदस्य

(ग) वडा भित्रका शिक्षा प्रेमीमध्येबाट वडापालिकाले छानेको एक जना - सदस्य

(घ) सम्बन्धित वडा भित्रका विव्यस अध्यक्षहरु मध्ये वडा अध्यक्षले तोकेको एक जना - सदस्य

(ङ) वडामा रहेका विद्यालयहरुका प्र अ मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना - सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन ।

(३) वडा शिक्षा समितिको पदावधि ३ बर्षको हुनेछ ।

**<u>१७. विद्यालय व्यवस्थापन समितिः</u>**

(१) सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यबस्थापन समित रहनेछ सो समिति निर्माणका लागि शिक्षा शाखा प्रमुखको संयोजकत्वमा वडापालिकाको प्रतिनीधी र प्रधानाध्यापक रहेको प्राविधिक सहयोग समिति गठन हुनेछः

(क) अभिभावकले आफुमध्येबाट छानी पठाएका दुइ जना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले मनोनित गरी पठाएको वडा समितिको सदस्य एक जना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय वुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाइ निरन्तर दश बर्षदेखि सहयोग गर्ने वा विद्यालयलाइ दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यबस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुइ जना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफुहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विद्यालय व्यबस्थापन समितिका सदस्यहरुले उपदफा (१) को (क), (ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ। तर सरकारी तथा ग्रैर सरकारी संघ संस्थाको सेवामा (नोकरीमा) कार्यरत व्यक्ति सो समितिको अध्यक्ष हुन पाउने छैन।

(३) विद्यालयलाइ शान्ती क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु, व्यबस्थापन गर्नु समितिको दायित्व भित्र पर्नेछ।

(४) विद्यालय व्यवस्थापन समितका काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन।

(५) विद्यालय व्यबस्थापन समितले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ।

(६) विद्यालय व्यबस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) विद्यालय व्यबस्थापन समितिको पदावधि तीन बर्षको हुनेछ।

**१८. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः** (१) कुनै विद्यालयको विद्यालय व्यबस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा कारण खुलाइ गाउँशिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले त्यस्तो विद्यालय व्यबस्थापन समितिलाइ तोकिएको प्रक्रिया पुऱ्याइ विघटन गर्न सक्नेछ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यबस्थापन समितिलाइ आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यबस्थापन समिति विघटन भएमा अर्को विद्यालय व्यबस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यबस्थापन समिति गठन नभएसम्म विद्यालय व्यबस्थापन समितिको काम गर्न गाउँपालिकाले एक अस्थायी विद्यालय व्यबस्थापन समिति गठन गर्न सक्नेछ। यसरी गठित अस्थायी विद्यालय व्यबस्थापन समितिले ३ महिना भित्र यस ऐन बमोजिमको नयाँ विद्यालय व्यबस्थापन समिति गठन गरिसक्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम गठन भएको व्यबस्थापन समितिको अवधि गणना सोही बमोजिम हुनेछ।

**१९. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ। सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितले अभिभावकहरुको भेला गराइ सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित शिक्षक अभिभावक संघको कार्यकारी समितिका सदस्यको पदावधि तीन बर्षको हुनेछ। कार्यकारी समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) शिक्षक अभिभावक संघको काम कर्तव्य तोकिए बमोजिम हुनेछ।

**२०. गाउँशिक्षा विकास कोषः**

(१) गाउँपालिकामा आफ्नो क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाइ पुरस्कृत गर्न गाउँशिक्षा विकास कोष स्थापना हुनेछ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) शिक्षा कर वापत संकलित रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको बार्षिक कुल आम्दानीको तोकिए बमोजिमको रकम,

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम गठित कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेदः ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाशर्त, योग्यता र उमेर

**२१. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी निर्धारण गाउँ शिक्षा समितिले गर्नेछ।

(२) गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा संघीय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका दरबन्दीमा नियुक्त भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी शिक्षा शाखाले राख्नुपर्नेछ।

**२२. शिक्षकको सेवा शर्त योग्यता र सक्षमताः** शिक्षकको सेवा शर्त योग्यता र सक्षमता संघीय सरकारले तोकेबमोजिम हुनेछ। तर गाउँपालिकाले नियुक्त गरेका शिक्षकको हकमा गाउँकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

**२३. तलबभत्ता नपाउने वा अवधि गणना नहुनेः** नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन।

**२४. अध्यापन अनुमति पत्र लिनुपर्नेः**

(१) शिक्षकले विद्यालयमा अध्यापन गराउदा अनिवार्य रुपमा अध्यापन अनुमति पत्र लिएको हुनुपर्नेछ। अध्यापन अनुमति पत्र नलिइ कसैले पनि विद्यालयमा अध्यापन गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि विद्यालयले निजी स्रोतमा भर्ना गरेका शिक्षकको हकमा लागु हुनेछैन।

**२५. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१)देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाइ पदबाट हटाइनेछः

(क) विना सुचना पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा पटक पटक मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचरीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाइ पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निजलाइ पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफीको स्पष्टिकरण पेशगर्ने मौकाबाट भने बन्चित गरिने छैन।

**२६. बालबालिकालाइ निष्काशन गर्ने, शारीरिक, मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाइ विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाइ शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**२७. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** गाउँशिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात मिलाउनु पर्नेछ।

**२८. शिक्षक तथा कर्मचारीको अवकास सम्बन्धमाः** विद्यालयमा कार्यरत अस्थायी शिक्षक, प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका, विद्यालय प्रशासन, लेखा र सहयोगी कर्मचारीको उमेर हद ६० बर्ष हुनेछ।

## परिच्छेदः ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

### २९. शिक्षक तथा कर्मचारी छनौट समितिः

(१) सामुदायिक विद्यालयमा करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य – अध्यक्ष

(ख) पालिकाको शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख – सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भयमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरु मध्येबाट विषय विज्ञको सूचीबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका सम्बन्धि विषयका दुई जना विषय विज्ञ – सदस्य

(घ) प्रधानाध्यापक – सदस्य सचिव

(२) समितिले आफ्नो कार्यविधि शिक्षा शाखा प्रमुखको सिफारिसमा आफै निर्धारण गर्नेछ।

(३) शिक्षक सिफारिसका लागि लिइने परीक्षा केन्द्र शिक्षा शाखाले तोकेबमोजिम हुनेछ।

### ३०. प्रधानाध्यापक सम्बन्धी व्यबस्थाः

(१) सामुदायिक विद्यालयमा प्राज्ञिक र प्रशासकीय प्रमुखको रुपमा एक प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति तोकिए बमोजिम हुनेछ।

(३) सहायक प्रधानाध्यापक सम्बन्धी व्यबस्था माध्यमिक तहको प्रधानाध्यापकलाइ सहयोग पुऱ्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षकहरुमध्येबाट प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यबस्थापन समितिले एक जनालाइ सहायक प्रधानाध्यापक तोक्न सक्नेछ।

(४) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र शिक्षकलाइ अतिरिक्त समय खटेबाफत विद्यालय व्यबस्थापन समितिले आन्तरिक स्रोतबाट प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ।

### ३१. शिक्षकको सरुवाः

(१) अन्तरपालिका तथा जिल्लान्तर शिक्षकको सरुवा सम्बन्धी व्यबस्था संघीय कानुन बमोजिम हुनेछ। तर पालिका भित्रको सरुवा सम्बन्धमा गाउँकार्यपालिकाले निर्णय गरेर शिक्षक विद्यार्थी अनुपातका आधारमा गर्न सक्नेछ।

(२) कुनै कारणले शिक्षकलाइ काज सरुवा गर्न परेमा स्पष्ट कारण सहित शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले बढीमा ६ महिनाका लागि काज सरुवा गर्न सक्नेछ। साथै पालिका भित्र अन्तर विद्यालय सरुवा गाउँकार्यपालिकाले गर्न सक्नेछ।

### ३२. दरबन्दी सिर्जना तथा मिलानः

(१) गाउँशिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ। सो कार्य गर्न कार्यविधि निर्माण गर्नुपर्नेछ।

(२) शिक्षक दरबन्दी मिलान गर्दा शिक्षक कम भएका विद्यालय र पिछडिएका ग्रामिण क्षेत्रका विद्यालयलाई प्राथमिकता दिइनेछ।

(३) नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि करार शिक्षक तथा विद्यालय कर्मचारीको पद सिर्जना गर्न सक्नेछ।

### ३३. शिक्षकको बढुवा सम्बन्धी व्यबस्थाः

(१) हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यबस्था नेपाल सरकारबाट लागु भएको संघीय कानुन बमोजिम हुनेछ। तर स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षक तथा कर्मचारीको बढुवा हुनेछैन।

**३४. शिक्षकलाइ अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाइ शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धि काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

## परिच्छेद: ६
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण मर्मत सम्भार सञ्चालन र व्यबस्थापन

**३५. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण:**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा,खेल मैदान कम्पाउण्ड, घेरबार बालमैत्री बसाइ व्यबस्था वातावरण मैत्री हाता करेसावरी फूलवारी स्वच्छ पिउने पानी छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ।

**३६. विद्यालयको सम्पत्ति:**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृत रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच विखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँशिक्षा विकास कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ।

**३७. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन:**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ। सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिइ विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्नेछ।

(२) विद्यालयको सम्पत्ति अभिलेख दुरुस्त राख्ने संरक्षण तथा व्यबस्थापन गर्ने दायित्व सो विद्यालयको व्यबस्थापन समितिको रहनेछ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यबस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहनेछ।

**३८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:**

(१) विद्यालयहरुले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक बनाइ लागु गर्न उपदफा (१) ले बाधा पुर्‍याएको मानिने छैन।

(३) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ।

(४) विद्यालयलाइ आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सिमा भित्र गाउँपालिकामा माग गर्नुपर्नेछ र सो वाफतको रकम विद्यालयलाइ गाउँपालिकाले भुक्तानी गर्नुपर्नेछ ।

(५) आधारभुत तह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बरावरको थप स्थानीय विषयको पाठ्यक्रम प्रयोगमा ल्याउन पर्नेछ । यसको लागि पाठ्यक्रम र पाठ्यपुस्तक गाउँशिक्षा समितिले सिफारिस गरी गाउँकार्यपालिकाले निर्णय गरी लागु गर्नेछ ।

(६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

**३९. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालनः** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु आफ्नो बार्षिक कार्यतालिकामा उल्लेख गरी सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेदः ७

## संस्थागत विद्यालयको अनुमति मापदण्ड निर्धारण अनुगमन मूल्याङ्कन र नियमन सम्बन्धी व्यबस्था

**४०. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृत लिनु पर्नेछ । तर संस्थागत विद्यालय खोल्न अनुमति दिइने छैन ।**

**४१. संस्थागत विद्यालयको व्यबस्थापन समितिः**

(१) गाउँपालिका भित्रका संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यबस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षले मनोनित गरेको व्यक्ति – अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यबस्थापन समितिले मनोनित गरेको दुइजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट सम्बन्धित वडा समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) गाउँपालिकाको शिक्षा हेर्ने कर्मचारी - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(२) उपदफा (क), (ख) र (ग) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाइ जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**४२. संस्थागत विद्यालयको विद्यालय व्यबस्थापन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।**

**४३. शैक्षिक गुठी अन्तरगत सञ्चालन भएका विद्यालयको सञ्चालन रेखदेख र व्यबस्थापन सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ ।**

**४४. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका, दलित तथा जेहेन्दार विद्यार्थीहरुलाइ छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्बन्धित वडा पालिका र गाउँपालिकाको शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार शर्त र प्रक्रिया विद्यालय व्यबस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नुपर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्नेछ ।

**४५. अनुगमन तथा मूल्याङ्कनः** संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिकाले जुनसुकै समयमा अनुगमन गर्न तथा निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**४६. अनुमति वा स्वीकृत रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयाइ प्रदान गरिएको अनुमति वा स्वीकृत रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाइ आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेदः ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४७. आधारभुत तह (कक्षा ५ र ८) उत्तिर्ण परीक्षा समितिः** गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा आधारभुत तह (कक्षा ५ र ८) का लागि परीक्षा सञ्चालन तथा समन्वयको लागि तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यबस्थापन समिति रहनेछ ।

(२) परीक्षा सञ्चालन तथा व्यबस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेदः ९

## विद्यालयलाइ दिइने अनुदान लेखा व्यबस्थापन र शुल्क नियमन

**४८. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिम रकमहरु रहनेछ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान,
(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,
(ग) गाउँपालिकाबाट प्राप्त अनुदान,
(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिम कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम कोषको लेखा परिक्षण तोकिए बमोजिम हुनेछ ।

**४९. अनुदानको व्यबस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी सामुदायिक विद्यालयलाइ अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाइ दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाइ तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) अनुदान रकमको खर्च सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ।

**५०. बजेट तयार गर्ने:**

(१) प्रधानाध्यापकले प्रत्येक शैक्षिक सत्रको समान्त भित्र आगामी बर्षको बजेट तयार गरी व्यबस्थापन समितिबाट स्वीकृत गराइ त्यसको एक प्रति शिक्षा, युवा तथा खेलकुद शाखामा समयमा नै पठाउनु पर्नेछ।

**५१. लेखा व्यवस्थापन:**

(१) सवै विद्यालयहरुले प्रचलित कानुन बमोजिमको ढाँचामा आय व्ययको लेखा व्यबस्थापन गर्नु पर्नेछ।

**५२. सामुदायिक विद्यालयको खाता सञ्चालन:**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

(२) विद्यालयको खाता सञ्चालन विद्यालय व्यबस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि माध्यमिक तह सञ्चालित विद्यालयको हकमा प्रधानाध्यापक र लेखापाल वा लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ।

**५३. लेखा परिक्षण तथा सामाजिक परिक्षण:**

(१) सवै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँशिक्षा समितिले तोकेको रजिष्ट्राड (दर्तावाल) लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) गाउँपालिकाले गाउँपालिका भित्र सञ्चालित विद्यालयको लेखा परीक्षण गर्नको लागि रजिष्ट्राड (दर्तावाल) लेखा परीक्षकबाट आसय पत्र माग गर्न सक्नेछ।

(३) लेखा परीक्षकलाई लेखा परिक्षण वाफतको पारिश्रमिक गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

(४) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(५) प्रत्येक बर्ष विद्यालयले लेखा परीक्षण हुनु पूर्व सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

(६) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनु पर्नेछ।

**५४. छात्रवृत्तिको व्यबस्था गर्न सक्ने:**

(१) गाउँपालिकाले विद्यालयमा अध्ययनरत असहाय विपन्न अनाथ अपाङ्ग टुहुरा विद्यार्थीलाइ छात्रवृत्तिको व्यबस्था गर्न सक्नेछ।

(२) छात्रवृत्ति वितरणलाइ व्यबस्थित गर्नका लागि कार्यविधि निर्माण गरिनेछ।

**५५. शुल्क सम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो स्व इच्छाले सामुदायिक विद्यालयलाइ दिएको दान उपहार चन्दा वा सहयोग लिन बाधा मानिने छैन।

(३) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(५) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराइ निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाइ आधार लिइने छ।

(६) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसंग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाइ फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरित शुल्क लिने विद्यालयलाइ तोकिएको अधिकारीले एक लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

**५६. शिक्षक महासंघ सम्बन्धी व्यबस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न एक गाउँपालिका शिक्षक महासंघ हुनेछ ।

(२) गाउँ शिक्षक महासंघको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

**५७. विद्यालयलाइ छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखी बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाइ दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेदः १०

## विविध

**५८. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यबसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, सञ्चालित विद्यालयलाइ थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान तथा परिचालन गर्न सक्नेछ ।**

**५९. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यबस्थापन समितिलाइ दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यबस्थापन समितिको कर्तव्य हुनेछ ।

**६०. शैक्षिक परामर्श सेवा विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यबस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**६१. प्रगति विवरण बुझाउनुपर्नेः** सामुदायिक र संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**६२. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेः** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यबस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन ।

**६३. गाउँ शिक्षा विकास कोषः**

(१) गाउँपालिकामा आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, अशक्त र असहाय बालकालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाइ पुरस्कृत गर्न गाउँशिक्षा विकास कोष स्थापना हुनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) शिक्षा कर वाफत संकलित रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन तोकेबमोजिम हुनेछ।

**६४. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाइ मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कारबाही तथा सजाय हुने मुद्दामा अनुसन्धान गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श सहयोग लिन सक्नेछ।

(३) कसैले देहायका कार्य गरेमा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाइ कसुरको मात्रा हेरी कानुनले तोके वमोजिम सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिइ अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(च) अनुमति नलिइ कुनै शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(छ) कानुन विपरितको अन्य कार्य गरेमा।

(४) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखी मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाइ तोकिएबमोजिम सजाय गरिनेछ।

(५) अदालतको आदेशबाट पुनर्बहाली हुनसक्नेः विभागीय सजाय भइ नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षकलाइ अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनर्बहाली हुनसक्नेछ।

**६५. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

**६६. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी शैक्षिक सुधारका निम्ति गाउँपालिकाले नियम बनाउन सक्नेछ।

**६७. संक्रमणकालिन व्यबस्थाः**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यबस्था गरेको काम नियमावली निर्देशिका तथा कार्यविधि नआउँदासम्म गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**६८. बाधा अड्काउ फुकाउने अधिकारः**

यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाध अड्काउन परेमा गाउँ शिक्षा समितिले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। तर त्यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ।

**६९. बचाउ र लागु नहुनेः**

१. यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

२. यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरगत कारवाही चलाउन बाधा पर्ने छैन।

३. संविधान तथा संघीय कानुन संग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**आज्ञाले**

खगेन्द्र भारती

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका